समिक्षा:

१.लक्ष्यको तुलनमा राजश्व संकलन शत् प्रतिशत हासिल हुन उपलब्धि मूलक देखियो । करदाताको घर दैलो अभियान, व्यवसाय दर्तामा भएको बढोत्तरी नक्सा पास लगायत यसका सकारात्मक प्रभाव देखिए, यस वर्ष समेत करदाता शिक्षा, कर टोलि परिचालन अनुगमनको निरन्तरता आवश्यक देखिन्छ ।

२.प्रक्षेपित पूजीगत खर्चको प्रतिशत आशातित रुपमा कम देखियो, माघमा सम्पन्न हिउँदे नगर सभाले थप योजना तथा कार्यक्रम स्वीकृत गर्दा कार्यान्वियनको समय कम रहेको देखियो चालु आ.व.मा यस्तो हुन नदिन आवश्यक व्यवस्था सहित समयमै योजना संचालन गर्न पर्ने देखिन्छ ।

३. गत वर्ष नयाँ कार्यक्रमका रुपमा महालक्ष्मी नगरपालिकाको पहिचान स्थापित गराउन आयोजना गरिएको प्रथम महालक्ष्मी महोत्सव सफल भएता पनि व्यवस्थापकिय पक्ष लगायत शिर्षकगत बजेट खर्चलाई न्यून गर्न उपयुक्त देखिन्छ ।

४. नगरपालिकाको प्रशासकिय भवन निर्माण गर्न जग्गा प्राप्तिको प्रकृया सहानीय छ, शिघ्र प्राप्तिका लागि थप सकृयता आवश्यक देखिन्छ ।

५.उज्यालो शहर बनाउन जडित मास लाईट लाई यस वर्ष थप विस्तार गर्नु उपयुक्त देखिन्छ ।

६. नगरको महत्वपूर्ण स्थान मध्ये ३ क्षेत्रमा जडित ट्राफिक लाईटले दुर्घटना न्यूनीकरणमा सघाउ पुगेको देखिन्छ। यसलाई थप सचेतना र क्षेत्र विस्तार गर्दा राम्रो हुने देखिन्छ।

७.सबै वडामा छुट्टा छुट्टै प्राविधिक कर्मचारी व्यवस्थापनले कार्य सम्पादनलाई सहज बनाएको छ।

८. आफ्नै वडा कार्यालय भवनको अभावमा सेवा प्रवाहमा समस्या भोग्दै आएका वडा मध्ये वडा नं. १० र ८ को उद्घघाटन भई नँया भवन वाटै सेवा प्रवाह हुनु राम्रो देखियो, बाँकी वडा मध्ये ३, ५ र ९ को भवन करिव सम्मन्न भएकोमा शीघ्र वाँकी सानातिना कार्य गरी सोहि भवनवाट सेवा प्रवमह गर्नु उपयुक्त हुने साथै ४ नं. वडाका हकमा जग्गा वन्दोवस्ति यथा सक्य चाडो टुङयाउनु पर्ने देखिन्छ ।

९. नगर प्रहरीको सेवा आवश्यक एंव प्रभावकारी देखिएकोले थप जनशक्ति व्यवस्थापनका लागि सुरु प्रकृया छिट्टै टुग्याउनु पर्ने देखिन्छ ।

१०. kFw को सहयोगमा लुभुमा निर्माण हुने भनिएको २५ शैंयाको मातृ तथा शिशु स्वास्थ्य अस्पतालको संझौता भइसकेको अवस्थामा दिनमै निर्माण प्रकृया अघि बढ्नेमा आशा बढेको छ।

११. वातावरण तथा जनस्वास्थ्य संस्था ENPHO को सहयोगमा प्राप्त विपद् व्यवस्थापन सामाग्री, क्षमता विकास तालिम लगायतका कृयाकलाप सह्राहनीय छन् यस्ता कृयाकलाप लाई निरन्तरता दिन आवश्यक देखिन्छ ।

१२. बंगालादेशी नगरपालिकाका टोलिको यस नगरपालिकामा भएको भ्रमण सह्राहनीय छ।

१३. वालिङ्ग लगायतका नगरपालिकाका टोलिवाट यस नगरपालिकाको भ्रमण सिकाइका लागि उपयुक्त अवसर हो।

१४. धनकुटाको महालक्ष्मी नगरपालिका संगको मित्रता र भ्रमण राम्रो प्रयासको थालनी हो ।

१५. आगजनी नियन्त्रण उद्धार र राहत सह्राहनीय छन् ।